Naya Patrika Sunday 5th 2007

# फिलिपिन्समा एमबिबिएसको अवसर

धेरै अभिभावक आफ्ना छोराछोरीलाई एमबिबिएस पढाउन चाहन्छन् । तर, तीमध्ये धेरैले सो अवसर नपाउन पनि सक्छन् । सरकारी तथा गैरसरकारी कलेजको सीमित कोटामा मात्र एमबिबिएस पढ्न पाउने प्रावधान रहेको छ । कोटाभन्दा बाहिर एमबिबिएस अध्ययन गर्नुपरेमा महँगो शुल्क तिर्नुपर्छ । सो शुल्क तिर्न नसक्ने धेरै विद्यार्थी एमबिबिएस अध्ययनबाट वञ्चित हुनुपर्ने बाध्यता छ ।

एमबिबिएस अध्ययनका लागि धेरैजसो सरकारी कोटाप्रति आशावादी देखिन्छन्, जसका लागि उनीहरूले अत्यधिक मेहनेत गर्ने गरेका छन् । तर, नेपालमा एमबिबिएस अध्ययनका लागि सामान्य प्रयासले पुग्दैन । यसका लागि सरकारी सहयोग आवश्यक हुन्छ ।

त्रिभुवन विश्वविद्यालयले नेपालमा सन् १९७२ देखि चिकित्साशास्त्र अध्ययन गराउँदै आएकोमा सरकारले सोही वर्षदेखि सीमित विद्यार्थी छनोट गरी थोरै कोटामा एमबिबिएस अध्यापन गराउँदै आएको छ । आर्थिक अभावकै कारण मुलुकभरिका कतिपय स्वास्थ्य संस्थामा आवश्यक स्वास्थ्यकर्मी व्यवस्था गराउन राज्य अक्षम हुँदै आएको छ भने कहींकतै त विदेशी चिकित्सक संलग्न हुनुपर्ने बाध्यता छ । खुला शिक्षानीतिका कारण नेपालमा त्रिविसँगै खुलेका निजी क्षेत्रबाट सञ्चालित विभिन्न विश्वविद्यालयले पनि चिकित्साशास्त्र अध्ययन/अध्यापन गराउँदै आएका छन् । हाल नेपालमा विभिन्न विश्वविद्यालयबाट स्वीकृति लिएर १२ चिकित्साशास्त्र र चार दन्त चिकित्साशास्त्र अध्यापन गराउने शिक्षण संस्था सञ्चालन भइरहेका छन् । त्रिविबाट अनुमति लिएका चारवटा कलेजका तीन ७० र काठमाडौं विश्वविद्यालयबाट अनुमतिप्राप्त सातवटा चिकित्साशात्र अध्ययन संस्थाबाट हाल नेपालमा सात सय पाँचजनाले एमबिबिएस कोर्ष गरिरहेका छन् । यसबाहेक अरुले विद्यार्थीका लागि एमबिबिएस अध्ययनको एकमात्र गन्तव्य आफ्नै खर्चमा विदेश धाउनुपर्ने बाध्यता अद्यापि छ ।

नेपालका धेरैजसो विद्यार्थी एमबिबिएस अध्ययनका लागि चीन, भारत, अमेरिका, बेलायतलगायतका मुलुक जाने गरेका छन् । नेपालमै एमबिबिएस अध्ययनका लागि सरकारी कोटा सर्वसुलभ र अन्तर्राष्ट्रिय मान्यताप्राप्त संस्था रहेका छन् । नेपालमा एमबिबिएस तथा बिडिएस गर्न चाहने विद्यार्थीले प्रवीणतापत्र तहमा विज्ञान विषयमा कम्तीमा ५० प्रतिशत अंक ल्याउनैपर्ने प्रावधान छ । सोही अंकको आधारमा चिकित्साशात्र अध्यापन गराउने कलेजले सीमित कोटाका लागि पुन: परीक्षा लिएर मात्र एमबिबिएसमा भर्ना लिने गरेका छन् ।



एमबिबिएस अध्ययन गरी डाक्टर बन्न चाहने विद्यार्थीका लागि अब सहज हुने भएको छ । विद्यार्थी, अभिभावककै पहलमा फिलिपिन्समा अवस्थित द हेल्थकेयर म्यानेजमेन्ट इन्टरनेशनल (एचसिएमआई) ले सो सपना पूरा गर्ने भएको हो । चिकित्सा विषय अध्ययनका लागि एचसिएमआई इन्टरनेशनलले यसै वर्षदेखि फिलिपिन्सका चर्चित सात विभिन्न विश्वविद्यालयमा एमबिबिएस गर्ने व्यवस्था मिलाएको हो । एचसिएमआईले भारत, अमेरिका, जापान, सिंगापुरलगायत नेपालाई पनि सो सूचीमा राखेको छ ।

नेपालको शैक्षिक गुणस्तर बढाउने तथा सस्तोमा रोजगारमूलक शिक्षा प्रदानमा सहयोग पुऱ्याउन फिलिपिन्सका कलेजमा एमबिबिएस अध्ययनको व्यवस्था मिलाएको एचसिएमआईका अध्यक्ष बलजीत सिंहले बताए ।

अध्यक्ष सिंह भन्छन्, 'फिलिपिन्समा चिकित्साशास्त्र अध्यापन गराउने कुनै पनि विद्यालयमा एमबिबिएस गरेका विद्यार्थीले विश्वको जुनसुकै मुलुकमा पनि सजिलै अवसर पाउन सक्छन् ।' सिंगापुर, बेलायत, जापान,लगायत विश्वमा धेरै नाम चलेका देशका विद्यार्थी फिलिपिन्समा एमबिबिएसका लागि आउने गरेको बताउँदै उनले भने, 'क्षमताशील नेपाली विद्यार्थीको चिकित्सक बन्ने उद्देश्य पूरा गर्न एचसिएमआई इन्टरनेशनलले नेपालमा एक सहयोगी परामर्श केन्द्र स्थापना गरेको हो ।'

फिलिपिन्सका प्रत्येक विश्वविद्यालयमा व्यावसायिक र प्रयोगात्मक शिक्षामा विशेष जोड दिइन्छ भने विद्यालयमा भौतिक सामग्री विद्यार्थीका लागि सुलभ उपलब्ध गराउने प्रावधान रहेको बताउँदै सिंह भन्छन्, 'भौगोलिक वातावरणमा नेपाल जस्तै रहे पनि यहाँको शैक्षिक स्तर विश्वमै उत्कृष्ट दस स्थानमध्ये पर्छ ।'

नेपालस्थित सो संस्थाका महानिर्देशक मोहम्मद हसनले गुणस्तरीय शिक्षामार्फत नेपाल, भारत, संयुक्त राज्य अमेरिका, बेलायतलगायत विश्वका अन्य विकसित मुलुकको माग दृष्टिगत गरी दक्ष जनशक्ति उत्पादन गर्न एचसिएमआईले छुट्टै शैक्षिक विभाग स्थापना गरेको बताए । फिलिपिन्स उच्चमाध्यमिक शिक्षा आयोग (सिएचइडी) ले त्यहाँका सात मेडिकल कलेजमा नेपाली विद्यार्थीले अध्ययन गर्न पाउने व्यवस्था गरेको सिंह बताउँछन् ।

एचसिएमआईअन्तर्गत एमबिबिएसको साढे चारवर्षे कोर्ष २४ देखि ३० हजार अमेरिकी डलरमा पूरा गर्न सकिने सिंहले बताए । नेपाली विद्यार्थीले मात्र विशेष कोटाअन्तर्गत सहुलियत दरमा मासिक एक सय २० अमेरिकी डलरमा फिलिपिन्समै बसी एमबिबिएस गर्न पाउने उनले जानकारी दिए । एचसिएमआई इन्टरनेशनलले नेपाली विद्यार्थीका लागि एमबिबिएस अध्ययन गर्न युनिभर्सिटी अफ नर्दन फिलिपिन्स, डाभाओ मेडिकल स्कुल फाउन्डेन्सन, कागायान स्टेट युनिभर्सिटी, आवर लेडी अफ फतिमा युनिभर्सिटी, इमिलिओ अगुइनाल्डो कलेज, युनिभर्सिटी अफ इस्ट सामोन म्यागासेस र तारलाक स्टेट युनिभर्सिटी तोकिएको छ । फिलिपिन्समा एमबिबिएस अध्यापन गराउने संस्थामा सरकारले निरीक्षण गरिरहने हुँदा गुणस्तरप्रति शंका गर्नुपर्ने कारण नहरेको दावी सिंह गर्छन् ।

एचसिएमआईले नेपालबाट यस वर्ष मात्र पाँच सय विद्यार्थीलाई फिलिपिन्स विभिन्न विश्वविद्यालयमा एमबिबिएसको अवसर उपलब्ध गराउने लक्ष्य लिएको सिंहले जानकारी दिए ।

Sunday 5th August 2007 [Naya Patrika]